केदारस्युँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैजरा, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आ. व. २०८१/०८२

बैठक संख्या - ४

आज मिति २०८१/०६/२१ गतेका दिन यस केदारस्युँ गाउँपालिका का अध्यक्ष श्री - गणेश बहादुर बोहरा ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल र निर्णय हरु पारीत गरीयो-

## उपस्थिति

१. श्री !- गणेश बहादुर बोहरा - गा० पा० अध्यक्ष
२. श्री !- मनिषा धामी - ,, उपाध्यक्ष
३. श्री !- विर बहादुर भण्डारी - १ नं वडाअध्यक्ष
४. श्री !- शेर बहादुर विष्ट - २ ,,
५. श्री !- विर बहादुर खाती - ३ ,,
६. श्री !- कल्याण मल्ल - ४ ,,
७. श्री !- मोहन ढुंगाना - ५ ,,
८. श्री !- जय बहादुर धामी - ६ ,,
९. श्री !- चन्द्र बहादुर धामी - ७ ,,
१०. श्री !- सुरेश बहादुर जेठारा - ८ ,,
११. श्री !- नन्दलाल बोहरा - ९ ,,
१२. श्री !- तस्विर वि० क० - का० पा० सदस्य
१३. श्री !- जुन देवी औरवेडा - ,, ,,
१४. श्री !- कमला थापा - ,, ,,
१५. श्री !- रम्भु देवी बोहरा - ,, ,,
१६. श्री !- चन्द्रकला देवी दमाई - ,, ,,
१७. श्री !- निर्मला कुमारी वि० क० - ,, ,,
१८ - श्री !- डा० रोहित कुमार गिरी - नि० प्र० प्र० अधिकृत

## अन्य उपस्थिति

१९. श्री !- धनराम जोशी

### निर्णय नं. १

यस केदारस्युँ गाउँकार्यपालिकाको कार्यालय देउरामा मिति २०८१/०५/२५ गते बसेको कार्यपालिकाको बैठकले गरेका निर्णय हरु के कति को कार्यसम्पन्न भए के कति कार्यान्वयन हुन बाँकी छन उक्त निर्णयको समिक्षा गरी कार्यान्वयन बाँकी रहेका निर्णयहरु लाई छिटो छरितो कार्यान्वयनमा ल्याउने भन्ने निर्णय गरीयो ।

### निर्णय नं. २

यस केदारस्युँ गाउँ पालिकामा स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी, गुणस्तरीय एवं पहुँचयोग्य बनाउन गाउँपालिका मातहत का निकायमा कार्यरत चिकित्सकहरुको मिलोवल पढाई सेवा प्रवाहमा

डा.रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत

केदारस्यूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुंगल, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

थप जिम्मेवारी पनलाई चिकित्सक। विशिष्ट चिकित्सकीय सेवा प्रदान गर्ने प्रोत्साहन भत्ता सम्बन्धि मापदण्ड कार्यविधी २०७९ स्वीकृत गर्ने निर्णय गरीयो।

निर्णय नं. ३

यस केदारस्यूँ गाउँपालिकाको कार्यालय देखतमा ओ. वं. ०७९/०८१ विजया दशैंको शुभकामना आदान प्रदान गरी सर्व केदारस्यूँ गाउँपालिका वासी लाई उज्जल उज्जल भविष्यको कामना व्यक्त गर्ने निर्णय गरीयो।

निर्णय नं. ४

यस केदारस्यूँ गाउँपालिका मा आ.व. ०७१/०७१ मा खरिद भएको कृषि सामुतेमा को रकम भुक्तानि दिन बाँकी रहेको हो सो रकम को भुक्तानि दिन बमोजिम बाँकी रहेको विविध शिर्षक बाट भुक्तानि दिने भन्ने निर्णय गरीयो।

निर्णय नं. ५

यस गाउँपालिका मा कार्यरत तपसिलमा उल्लेखित प्राविधिक कर्मचारीहरू लाई तपसिलको वडा कार्यालयमा खटाई कामकाज गर्ने भन्ने निर्णय गरीयो।

तपसिल

१. श्री ! उत्तम बहादुर भण्डारी – १ नं वडाकार्यालय
२. श्री ! नरेश वि शाहाकगर – २ नं वडा कार्यालय
३. श्री ! नर ब० खडायत – ३ नं वडा ''
४. श्री ! सुशील चौधरी – ४ '' ''
५. श्री ! बसन्त बोहरा – ५ '' ''
६. श्री ! नरेश ब० कुँवर – ६ '' ''
७. श्री ! चक्र वि बोहरा – ७ '' ''
८. श्री ! जगदिश ब० बोहरा – ८ '' ''
९. श्री ! लोकराज पाण्डेय – ९ '' ''
१०. श्री ! सुजेता भण्डारी – गाउँपालिकाको कार्यालय।

निर्णय नं. ६

यस केदारस्यूँ गाउँपालिका अन्तरगत का विभिन्न खेलाडीहरू खेलदेखी मेल्ला बक्षाङ उद्योग वाणिज्य संघ कप तथा राष्ट्रिय खेलकुद प्रतियोगिता मिति २०८१।६।३० गते हुने बझाङ जिल्ला सदरमुकाम चैनपुर मा संचालन हुने भएकोले खेलकुद कार्यक्रमका लागि आवश्यक पर्ने खान, बस्न, पोशाक, जुत्ता, बल, मेडल, ड्रेस यस्तै अन्य सामाग्री तथा याता यात खर्च व्यवस्थापन का लागि कार्यालय सञ्चालन तथा विविध खर्च

डा.रोहित कुमार
नि.प्रमुख प्रशासकीय अधिकृत

शिर्षक बाट रकम खर्च गर्ने निर्णय गरीयो ।

निर्णय नं. ७

यस केदारस्युँ गाउँपालिका वडा नं ३ अन्तरगत भैरवस्थान स्वास्थ्य चौकीको बर्थिङ् सेन्टरमा रायल तथा ग्रिल लगाउनु पर्ने भएकोले प्रमाणित तथा विविध खर्च शिर्षक बाट प्राविधिक इस्टमेट बमोजिम रु ३(तीन) लाख रुपैंया विनियोजन काम गर्ने निर्णय गरीयो ।

निर्णय नं. ८

चौराई होटल धनगढी कैलाली को आ.व. ०८०/०८१ मिति २०८१/२/२४ को होटल बाट बिल बमोजिमको रकम रु. १८०,८८०/- भुक्तानि दिन बाँकी रहेकोले सो रकम रु कन्टीजेन्सी शिर्षक बाट खर्च हुने भुक्तानि दिने भन्ने निर्णय-पारीत गरीयो ।

निर्णय नं. ९

यस केदारस्युँ गाउँपालिका वडा नं १ अन्तर्गत रायल प्राथमिक स्वास्थ्य केन्द्रमा, प्रदेश आपूर्ति कार्यालय बाट प्राप्त भएको CR Machim install गर्ने लाग्ने खर्च र AC लाई जडान गर्ने तथा यस्तै कार्यमा सङ्कलन गर्ने कर्मचारीको दैनिक भ्रमण भत्ता बापत लाग्ने खर्च अन्य कार्यालय सञ्चालन का लागि विविध तथा अन्य कार्यालय सञ्चालन शिर्षक बाट रकम रु २६६००/- विनियोजन गरी खर्च गर्ने भन्ने निर्णय गरीयो ।

निर्णय नं. १०

यस केदारस्युँ गाउँपालिका वडा नं २ बस्ने श्री कमला कार्की भण्डारी रावल लाई क्यान्सर रोग लागि टिचिङ् हस्पीटलमा उपचारको क्रममा रहेकोले सो क्यान्सर रोग उपचार गर्नका लागि विपत व्यवस्थापन कोष बाट खर्च हुने गरी रकम रु १५०,०००/- एक लाख पचास हजार रुपैया दिने निर्णय गरीयो ।

निर्णय नं. ११

यस केदारस्युँ गाउँपालिका वडा नं ४ बस्ने जाल्वी(जगाती) प्रलाप कामी द्वारा हस्तवीर कामीको नाममा रहेको खेती योग्य र वाली,नाली, सहित बोट बिरुवा लगाएको सम्पूर्ण जमिन बागथला, बरखेत, रोतागडा सडक निर्माण गर्ने क्रममा पूर्ण रुपले नोक्सान भई निजको आर्थिक अवस्था अत्यन्त दयनिय भएकोले निजलाई जीवन निर्वाह गर्नका लागि बागथला, बरखेत, रोतागडा सडक निर्माण क्षति गरे बापत भुक्तानि शिर्षक बाट रु ५,५०,०००/- (पाँच लाख पचास हजार) रुपैंया भुक्तानि दिने निर्णय गरीयो ।

डा.रोहित कुमार गिरी
नि.प्रमुख प्रशासकीय अधिकृत